आज मिति २०८१/६/६ गते यस लिम्चुङबुङ गाउँपालिकाको कार्यवाहक अध्यक्ष श्री गुरुमणी कुमाईज्यूको अध्यक्षतामा आ.व. ०८१/०८२ को चौथो कार्यपालिका वैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुरुमणी कुमाई (३ नं वडा अध्यक्ष | का.वा. अध्यक्ष | |
| २ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ३ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ४ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ५ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ६ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ७ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| ८ | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ९ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १० | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| ११ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १२ | श्री योगेन्द्र राज गुरुङ्ग (प्र.प्र.अ.) | सदस्य सचिव | |
| १३ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

**प्रस्तावहरुः**

१. बस सञ्चालन सम्बन्धमा ।

२. सडक मर्मत सम्बन्धमा ।

३. तेल खरिद तथा सडक निर्माण सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको मातहतमा रहेको सार्वजनिक बस गाउँपालिकाले सञ्चालन तथा व्यवस्थापन गर्नको लागी असहज भई मिति २०८१/५/१८ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार अन्य कुनै व्यक्ति/निकायलाई भाडामा दिने भनि गरिएको निर्णय अनुसार यस कार्यालयको मिति २०८१/५/१९ गते सूचना नं ११ सहित आवेदन पेश गर्ने सम्बन्धी सूचना अनुसार एकमात्र आवेदन यसै गाउँपालिकाको वडा नं ४ बलम्ता निवासी श्री सुनिल राईले मासिक रु, ४०,५५५।०० (अक्षरुपी चालिस हजार पाँच सय पचपन्न मात्र) का दरले भाडामा लिन्छु भनि पेश गरेको हुँदा उक्त बस आवश्यक मर्मत गर्नको लागि पुर्व बस चालक श्री खड्ग राई/अन्यलाई भ्रमण खर्च उपलब्ध गराउँदै मर्मत गर्न जिम्मिवारी दिई मर्मत गरी भाडामा दिने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा सदरमुकाम गाईघाट देखि यस गाउँपालिका सम्म आउने मुख्य सडक तथा गाउँपालिका देखि वडा कार्यालयहरुसम्म जाने शाखा सडकहरु वर्षातको कारणले जोखिमपूर्ण रहेको साथै नेपालीहरुको महान चाड बडादशैं तथ शुभ दिपावली नजिकिदै आईरहेको र दिनानु सडक चाप बढ्दै गरेको अवस्थालाई मध्यनजर गर्दै उक्त सडकहरु तत्काल मर्मत गर्नु पर्ने भएको हुँदा यस गाउँपालिकाको विपद व्यवस्थापन शिर्षकमा रहेको बजेटबाट प्राविधिक लागत अनुमान बमोजिम **पुँवारे भन्ज्याङ्ग-माझखर्क-बाराहा-बाँसबोटे-सुनकोशी** सडक मर्मत, **रसुवा-चनौट-गोडेली सडक**लाई रु, १००,०००.०० (अक्षरुपी एक लाख मात्र) नबढ्ने गरी र वडाहरुको शाखा सडक स्वयं वडाहरुले नै गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको गत आ.व. ०८०/०८१ बाट दायित्व हस्तान्तरण भई आएको योजनाहरु सञ्चालन गर्नको लागी इन्धन खरिद गरी प्रत्येक वडामा सडक निर्माण तथा मर्मत वडा नं ३, २ र १ शिर्षकमा रु, २६,६०,०००.०० (छबिस लाख साठ्ठी हजार रुपैंया मात्र) विनियोन गरिएको हुँदा तपसिलकको शिर्षकहरुमा विनियोजन गरी सडक निर्माण कार्य अगाडी बढाउनको लागी खरिद समिति र लेखा शाखासंग समन्य गरी निर्माण गर्ने भनि सर्व सहमतिका साथ निर्णय गरियो ।

तपसिलः

| सि.नं | शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|
| १ | आहाले पुछारटोल, कुनाही राँकुला दोभान कृषि सडक निर्माण तेल खरिद | ४००,०००।०० | वडा नं १ |
| २ | तिनचोके-निशिनटार-आरुबोटे सडक निर्माण तेल खरिद | ४,६०,०००।०० | वडा नं ३ |
| ३ | बतासे-गोडेली सडक निर्माण तथा मर्मत तेल खरिद | १२,००,०००।०० | वडा नं १-२ |
| ४ | ताम्लिछा गोडेली सडक निर्माण तेल खरिद | ६,००,०००।०० | वडा नं २ |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस लिम्चुङबुङ आज निर्णय गर्नु पर्ने अन्य प्रस्ताव नभएको कारण आजको बैठक सम्पन्न गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।